मिति २०८३/०२/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

नगरपालिकाको आगामी १९ औ नगर सभाको बैठक मिति २०८३/०२/ ३१ गतेबाट सञ्चालन गर्ने ।सो सम्वन्धमा देहाय बमोजिम आवस्यक तयारी गर्ने निर्णय गरियो ।

- मिति २०८३/०२/२९ गते बजेट तथा कार्यक्रम तयारी सम्वन्धमा सर्वदलिय/सर्वपक्षीय राय सुझाव लिने ।
- गैर सरकारी संस्थाहरुको लागि मिति २०८३/०३/०१ सम्म कार्यक्रम पेश गर्न आव्हान गर्ने ।
- कार्यपालिका समितिहरु र सभाका समितिहरुले आवश्यककता अनुसार तयारी गर्ने ।
- मिति २०८३/०२/३१ गते दिउसो १:०० वजे वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्ने ।
- मिति २०८३/०३/१० गते वार्षिक बजेट तथा कार्यक्रमा सभामा पेश गर्ने ।

**निर्णय नं. २**

सैनामैना नगरपालिका अन्तरगतको रामापुर माध्यमिक विद्यालयबाट माध्यमिक तहका शिक्षक श्री कमल प्रसाद वेलवासेलाई जनचेतना माध्यमिक विद्यालयमा नगर शिक्षा समितिको निर्णय बमोजिम कामकाज गर्न खटाइएकोमा नगर कार्यपालिकाको मिति २०८०/०७/०३ गतेको निर्णयबाट निजलाई पदस्थापन गर्न शिक्षा विकास तथा समन्वय इकाइ, रुपन्देहीमा लेखि पठाउने निर्णय भएकोमा हालसम्म पदस्थापन नभएकोले निजलाई जनचेतना माध्यमिक विद्यालयमा पदस्थापन गर्ने निर्णय गरियो । साथै यस अधि नगरपालिकाबाट कामकाज गर्न खटाइएका शिक्षक, कर्मचारी र वालविकास कर्मचारीलाई कामकाज गर्न खटाइएकै विद्यालयमा पदस्थापन गर्न निर्णय गरियो ।

**निर्णय नं. ३**

सैनामैना नगरपालिका वडा नं. १ मा रहेको पर्रोहा मल्टिप्रपोज अर्गानिक एग्रिकल्चर एण्ड कोल्ड स्टोरेज प्रा. लि ले कृषि प्रयोजनका लागि रजिष्टेशन दस्तुर छुटका लागि वडा कार्यालयको सिफारिस सहित निवेदन दिनु भएकोले उक्त प्रा. लि. लाई लुम्विनी प्रदेश प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची १ को (घ) बमोजिम तरकारी खेती कृषि प्रयोजनका लागि छुटको सिफारिस गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल नगरपालिका संघलाई वार्षिक रुपमा उपलब्ध गराउने सदस्यता शुल्क रु. ५००००।- सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८३/०२/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ५

वडा नं. ६ कार्यालयको प.सं. २१५१ मिति २०८३/२/२५ को पत्रअनुसार सो वडा निवासी श्याम बहादुर सोमरेको जग्गामा स्टक रहेको ढुङ्गा नगरपालिका भित्र एसियाली विकास बैंकको सहयोगमा सञ्चालित URLIP कार्यक्रम अन्तरगर Output1 को सडक निर्माण आयोजनाका लागि प्राविधिक प्रतिवेदन बमोजिम स्टक रहेको ७९३.६५ घन मिटर ढुङ्गा सैनामैना नगर पालिकाको आर्थिक ऐन २०८२ को दफा २६ बमोजिम अनुसूची १० बमोजिम प्रति घनफुट रु.१८ रुपैयाका दरले राजश्व लिइ निकासिका लागि अनुमति दिने निर्णय गरियो ।

### निर्णय नं. ६

नगरपालिका अन्तरगत तपसिलका योजनाहरु तत्काल मर्मत सम्भार हुन नसकेमा थप क्षति हुने तथा रोपाइको समयमा सिंचाई योजनाहरु सञ्चालन गर्न समते नसिने देखिएकोले तपसिलका योजनहरुका लागि मर्मत सम्भार कोषबाट रकम विनियोजन गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. रामपुर कृषक समुह सिंचाई कुलो निर्माण सैनामैना ८ | रु.३००००।– |
| २. गोरखनाथ भूमिगत सिंचाइ सैनामैना सैनामैना ६ | रु.१०००००।– |
| ३. पर्रोहा मा.वि चमेना गृह मर्मत सैनामैना ४ | रु.१४०००० |

### निर्णय नं. ७

आ.व. २०८२/०८३ मा सैनामैना नगरपालिकामा खुल्ला व्यायमशाल निर्माणा लागि विनियोजन भएको रकमबाट तपसिल अनुसारको स्थानमा खुला व्यायमशाला निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

१. सैनामैना नगरपालिका वडा नं. ३ खकनपुर चौर
२. सैनामैना नगरपालिका वडा नं. ४ मिलनज्योति टोल आदर्श खेल मैदान
३. सैनामैना नगरपालिका वडा नं. ५ विधौली पार्क
४. सैनामैना नगरपालिका वडा नं. ८ सत्चिन्तन भवन पछाडि
५. सैनामैना नगरपालिका वडा नं. ९ शंकरपुर

### निर्णय नं. ८

सैनामैना नगरपालिकाको अन्तरगत रहेका टोल विकास संस्थाहरुले नगरपालिका अन्तरगतका योजना तथा कार्यक्रम सञ्चालन गरे वापत हुने भुक्तानी र टोल विकास संस्थाको सञ्चालन खर्च भुक्तानी गर्दा टोल विकास संस्थाको खातामा सैनामैना नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ को दफा ७ र सैनामैना नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ को दफा १४ मा उपभोक्ता समितिको कामकाज टोल विकास संस्था मार्फत समेत गर्न सकिने व्यवस्था भएकोले उपभोक्ता समिति सरह मानि टोल विकास समितिकै खातामा रकम भुक्तानी गर्ने निर्णय गरियो ।

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८३/०२/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. ९**

चालु आ.ब. मा बिनियोजन भएका तपसिलका वडागत योजनाहरु संशोधन गरिदिन वडा कार्यालयबाट निर्णय भइ आएका योजना तथा कार्यक्रमलाई तपसिल बमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

| सि नं | वडा नं . | कार्यक्रम | बिनियोजित रकम | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | ६ | दुधराज युवा क्लब खेलकुद सञ्चालन | १००००० | खेलकुद सामाग्री खरिद | १००००० |
| २ | १ | आमा समूह बाद्यबाधन प्रशिक्षण तालिम | ५०००० | बर्मबाबा टोल सृष्टी पथ स्तरोन्नती | १००००० |
| | | युवाहरुलाई लागु पदार्थ दुर्व्यसनी नियन्त्रण तथा न्यूनिकरण सचेतना कार्यक्रम | ५०००० | | |
| ३ | १ | कृषि पशु उद्यमशिल कृषकहरुलाई प्रोत्साहन कार्यक्रम | १००००० | बर्मबाबा टोल पाल्पाली पथ स्तरउन्नती | १००००० |
| ४ | ७ | बनरहवा खोलामा जग्गु थारुको घर पछाडि भूक्षय नियन्त्रण | १५०००० | देवि पथ जग्गु थारुको गाउँमा नाली निर्माण | १५०००० |

**निर्णय नं. १०**

हाल मनसुन सक्रिय हुन थालि सकेको र वर्षातको समयमा मानवीय क्षती हुन नदिन नगर क्षेत्रमा सुरक्षित आवासको सुनिश्चित गर्ने नीति अनुरुप सम्बन्धित वडाको सिफारिसमा देहाय बमोजिमको सुरक्षित आवास नभएका व्यक्तिहरुले आवास निर्माण गर्न बिपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिम आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि नं. | नाम थर | ठेगाना | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बिमला सार्की | सैनामैना ३ | ३०००० | सुरक्षित आवासको |
| ३ | भगवती सार्की | सैनामैना १० | ३०००० | |
| ४ | इन्द्रमणी खनाल | सैनामैना ११ | ३०००० | |
| ४ | रिता मल्ल | सैनामैना ११ | ३०००० | |
| | | | १२०००० | |

मिति २०८३/०२/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. ११

नगरपालिकाका ऐन, नियमावली तथा कार्यविधिको निर्माणको चरणमा हुने छलफको विधायन समितिको बैठक, नीति तथा कार्यक्रम र वजेट तयारी समयमा हुने विषयगत समितिको बैठकमा छलफल गरी निर्णय गर्ने क्रममा समितिमा तोकिएका र अर्थ मन्त्रालयको मापदण्ड बमोजिमको संख्यामा आमन्त्रित संख्यामा मात्र आमन्त्रित गर्दा बैठकमा छलफल पूरा हुन नसक्ने देखिएकोले विषयगत समितिको बैठक, विधायन समितिको बैठक र कार्यपालिका बैठकमा छलफल हुने विषयसँग सम्वन्धित बढीमा दश जनासम्मलाई आमन्त्रित गर्न सकिने र सो बैठकमा आमन्त्रित सदस्यलाई अन्य सदस्यले पाए सरह बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १२

नगरपालिकाका वडा नं. ३ मा रहेको कभडहल मर्मत सम्भारको क्रममा निस्किएको टिन तथा अन्य सामाग्री सैनामैना व्याडमिन्टन क्लवलाई व्यवस्थापन गर्ने जिम्मा दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख